महालेखापरीक्षकको
वार्षिक लेखापरीक्षण प्रतिवेदन
२०७७

रामधुनी नगरपालिका
सुनसरी

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

प्रदेशिक लेखापरीक्षण महानिर्देशनालय
प्रदेश नं १ र २

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या: २०७६/७७

च.नं : ६०२

मिति: २०७७/३/३१

श्री नगर प्रमुखज्यू,
रामधुनी नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
सुनसरी।

विषय: लेखापरीक्षण प्रतिवेदन।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम प्रयोजनको लागि अनुरोध छ।

(विन्दु विष्ट)
नायव महालेखापरीक्षक

Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np

महालेखापरीक्षकको भनाई

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीयतहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ।

स्थानीयतहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवाप्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीयतहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीयतहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रर्वद्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीयतहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन् । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गत विगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भव स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीयतहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीयतहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीयतहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु। आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ अषाढ २६ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेशिक लेखापरीक्षण महानिर्देशनालय
प्रदेश नं १ र २

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या: २०७६/७७
च.नं.: ६०२

मिति: २०७७।३।३१

श्री नगरप्रमूखज्यू,
रामधुनी नगरपालिका,
झुम्का, सुनसरी ।

विषय: लेखापरीक्षण प्रतिवेदन

कैफियत सहितको राय

हामीले रामधुनी नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धि अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. रामधुनी नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय बिबरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रु. १ करोड ५९ लाख ९६ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२८ लाख ९२ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.८७ लाख ८५ हजार नियमित गर्नुपर्ने रु. २३ लाख ९० हजार र पेश्की बाँकी रु १९ लाख २९ हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।१०।४ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना चौध (१४) यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यकारिणी, नगर प्रमूख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

....
(विन्दु विष्ट)
नायव महालेखापरीक्षक

रामधुनी नगरपालिका नगर कार्यपालिको कार्यालय, सुनसरी
लेखापरीक्षण प्रतिवेदन
२०७५।७६

परिचय : स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्नेगरी रामधुनी नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो । यस नगरपालिका अर्न्तगत ९ वडा रहेको ५२ सभा सदस्य ९१.६९ वर्ग कि.मी. क्षेत्रफल, करिब ५१,७२२ हजार जनसंख्या १ नं.प्रदेशमा अवस्थित छ ।

स्थानीय सञ्चित कोष : आर्थिक वर्ष २०७५।७६ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ

सि.नं.	आयतर्फ		सि.नं.	व्ययतर्फ	
	विवरण	रकम		विवरण	रकम
१.	**गत वर्षको अ.ल्या**	१०६०६२४८.००	१.	**चालु खर्च**	२४०७३८१५८.११
२.	संघीय अनुदान	३८७८१०८८२.०१	२.	**पूँजीगत खर्च**	२०३००२११८.८१
३.	प्रदेश अनुदान	६५२७२२३३.६६	३.	**सामाजिक सुरक्षा**	७२७८९२००
४.	**आन्तरिक आम्दानी**	४५६१४९१८.६५	४.	**प्रदेश फिर्ता**	१८४५३३.३४
५.	सामाजिक सुरक्षा	७३४९९०००.००	५.	कोलेनिका फिर्ता	२२१२५०९९.१०
६.	तराई मधेश समुद्धि कार्यक्रम	६५९७६९१.००	६.	तराई मधेश समुद्धि कार्यक्रम	६५९७६९१.००
७.	कृषि पूर्वाधार तथा कृषि यान्त्रिक कार्यक्रम	२७०६५१८.६२	७.	कृषि पूर्वाधार तथा कृषि यान्त्रिक कार्यक्रम	२७०६५१८.६२
८.	स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम	७९६८०००.००	८.	स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम	७९६८०००.००
९.	प्रधानमन्त्री रोजागार कार्यक्रम	३१५१५६२.५४	९.	प्रधानमन्त्री रोजागार कार्यक्रम	३१५१५६२.५४
१०.	धरौटी	१०६८८१२४.९६	१०.	धरौटी	३१११६०४.३९
११.	विपद व्यवस्थापन कोष	१२०६६५०.००	११.	**मौज्दात बाँकी**	६२८५८२६३.५७
१२.	कन्टिजेन्सी	३८२६२१२.८८	१२.	संञ्चित कोष ४३९६४१७२१६	
१३.	मर्मत सम्भार कोष	७३२६०९.१६	१३.	धरौटी ७५७६५२०।५७	
१४.	बहाल कर	५५५२०९८.००	१४.	विपद व्यवस्थापन कोष १२०६६५०।००	
			१५.	मर्मत सम्भार कोष १०११०९२०।०४	
	जम्मा	६२५२३२७४९.४८		**जम्मा**	६२५२३२७४९.४८

सि.न	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	वेरुजु रकम
	लेखापरीक्षणको क्रममा असुली : लेखापरीक्षणको क्रममा निम्नानुसार रु १७०३९३।०० असुल भएको छ।	

सि.न	विवरण	दाखिला मिति	रकम
१.	शिक्षक तलब र बुक कर्नर तथा शिक्षण सिकाई वापत वढी निकासा	२०७६/८/३० ०७६/९/१७	१६३७४९.००
२.	भरपाई वेगरको खर्च लेखेको रकम	०७६/९/१७	४२५०.००
३.	घटी दाखिला रकम वैंक दाखिला गरेको	२०७६/८/२९	२३९४.००
		जम्मा	**१७०३९३.००**

सि.न	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	वेरुजु रकम
१.	**एकीकृत आय व्यय बिबरण**	
१.१.	**मौज्दात जिम्मेवारी :** गत वर्षको वाँकी मौज्दात रु १४९५६६९९।०५ यस वर्ष जिम्मेवारी सार्नु पर्ने देखिन्छ । कार्यालयको धरौटी परीक्षण गर्दा धरौटी जिम्मेवारी सार्नुपर्ने रु २१२५४००।२२ यस वर्षको आम्दानीमा राखेकोले यस वर्ष जिम्मेवारी देखाएको रु १०६०६२४८।०० रकम जिम्मेवारी देखाउनु पर्ने भन्दा रु २२२५०५०।८३ घटी जिम्मेवारी सारेको देखिएको रु	२२२५०५०.८३
१.२.	**वित्तीय बिबरणः** प्राप्त एकीकृत आय व्यय बिबरण अनुसार रु ६२५२३२७४९.४८ आय व्यय कारोबार भएको देखिन्छ । एकीकृत आर्थिक विवरण तयार गर्दा लेखा नीति खुलासा नगरेको, वित्तीय बिबरण स्वीकृत ढांचामा नराखेको, समानीकरण, सर्शत र बिषयगत एवं कन्टिन्जेन्सी र मर्मत संभार कोषतर्फको बेग्लाबेग्लै लेखा स्रेस्ता नराखी चालु र पूजिंगतको मात्र स्रेस्ता राखेको, बैंक नगदी किताव अद्यावधिक र प्रमाणित नभएको, बजेट सिट नराखेको एवं दैनिक अभिलेख किताब म.ले.प.फा.नं १०८ नराखेको एवं आम्दानी असूली एबं दाखिला म.ल.प.फा.नं २३ नराखेको लगायतको कारण प्राप्त एकीकृत आय व्यय बिबरणमा उल्लेख भएका आय व्यय रकम भिडान गर्ने प्रमाणित अभिलेख एवं खाता नरहेको कारण एकीकृत आय व्यय बिबरणको यथार्थतामा आश्वस्तता हुनसक्ने अबस्था देखिएन ।	
१.३.	जिल्ला समन्वय समितिबाट रु ३५०००००।०० प्राप्त भएकोमा यस वर्ष खर्च भएको देखिदैन । स्वीकृत कार्यक्रम अनुसार खर्च गर्नुपर्दछ ।	
१.४.	उपभोक्ता समिति मार्फत निर्माण कार्य भएका योजनाहरुमा प्रयोग भएका मेशिनरी औजारहरुको वाहाल कर बापत रु ५५५२०९८।०० प्राप्त भएको रकम कार्यालयको आम्दानी जनाई कार्यालयको मर्मत सम्भार कोषमा राखेको छ । मेशिनरी औजार भाडा वापतको कर रकम संघिय सञ्चित कोषमा दाखिला गर्नुपर्ने देखिएको रु	५५५२०९८.००
१.५.	**आन्तरिक आम्दानी :** आन्तरिक आम्दानी रु ४८११०७३२।१३ देखाएकोमा आम्दानीको शिर्षकगत विवरण पेश नभएकोले आन्तरिक आम्दानी भिडान गर्न सकिएन । प्राप्त आम्दानी रकम सम्वन्धित शिर्षकमा देखाई स्पष्ट हिसाब राख्नु पर्दछ ।	
१.६.	**घाटा बजेट :** घाटा बजेट पेश गर्दा घाटा पूर्ति गर्ने स्रोत र सोको आधार खुलाउनु पर्ने र प्रशासनिक खर्च व्यहोर्न घाटा बजेट पेश गर्नु हुदैन । यस नगरपालिकाले घाटा बजेट पेश गर्ने सम्वन्धी ऐन,नियम र निर्देशिका तयार पारेको छैन । स्पष्ट कानुनी व्यवस्था, घाटा पूर्ति गर्ने स्रोतको एकिन नगरी रु ११४५३१००।०० को घाटा बजेट पेश गरेको छ । कानुनको व्यवस्था गरी घाटा पूर्तिको स्रोत एकिन गरेर मात्र घाटा बजेट पेश गर्नु पर्दछ ।	
१.७.	**सञ्चित कोष दाखिलाः** मुल सञ्चित कोषको रकम चालु , पुँजिगत लगायतका विभिन्न खातामा ट्रान्सफर गर्दा सोको टिप्पणी, भौचर तयार र प्रमाणित गरेको देखिदैन । यसका उदाहरणहरु निम्नानुसार रहेका छन् :	

सि.न	भौ.न र मिति	विवरण	खर्च रकम
१.	३/०७५/६/२२	चालु खातामा ट्रान्सफर	४६२०००००.००
२.	५/०७५/८/६	चालु र पुँजिगत खातामा ट्रान्सफर	३६४०००००.००
३.	७/०७५/८/२७	आन्तरिक खातामा ट्रान्सफर	१५०००००००.००
४.	१२/०७५/१०/२२	चालु खातामा ट्रान्सफर	२५००००००.००
५.	१४/०७५/१०/२२	चालु खातामा ट्रान्सफर	२५०००००००.००

सि.न	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	वेरुजु रकम
१.८.	स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७५ मा एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकि रहेको रकम आर्थिक वर्षको अन्त्यमा नगरपालिकाको सन्चित कोषमा जम्मा हुने व्यवस्था छ । यस नगरपालिकाले आर्थिक वर्षको अन्त्यमा चालु खातामा वाँकी रु १४७१७९।३५ र पूँजिगत खातामा वाँकी रु	१४८८६२.१७

१६८२।८२ समेत रु १४८८६२.१७ बाँकी रहेको मौज्दात उक्त कानूनी व्यवस्था अनुसार सञ्चित कोषमा दाखिला हुनुपर्ने रु

१.९. यस वर्ष शशर्त अनुदान तर्फ निकासा रु २३०७८२२३५।०० मा खर्च रु २०८६५७१३५।८० घटाई बाँकी भएको रु २२१२५०९९।१० निम्न अनुसार फिर्ता निकासा पठाएको पाइयो ।

दाखिला मिति	विवरण	रकम
२०७६/४/१६	संघिय शशर्तको शिक्षा र स्वास्थ्य तथा महिला विकासको	९७८८०००.००
२०७६/४/२		११६२७२९९.१०
०७६/४/२	सामाजिक सुरक्षा भत्ता	७०९८००.००
		२२१२५०९९.१०

१.१०. **लेखा ढाँचाको प्रयोग नभएको**: नेपालको संविधानको धारा २४१ मा नेपालको सरकारी लेखाको लेखापरीक्षण महालेखा परीक्षकले गर्ने र यसरी लेखा परीक्षण गरिने लेखा संघिय कानुन बमोजिम महालेखापरीक्षकले तोकेको ढाँचामा राखिने व्यवस्था छ । त्यसैगरि आर्थिक कार्यविधि ऐन, २०५५ र अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) मा समेत स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएबमोजिमको ढाँचामा राख्नु पर्ने व्यवस्था छ । सोहि अनुसार एकिकृत आर्थिक संकेत तथा वर्गिकरण २०७४ मा स्वीकृत भएका फारामहरु मिति २०७५।८।१० मा संघ तथा प्रदेश र स्थानीय तह गरि दुई समुहका फारामहरु आर्थिक वर्ष २०७५।०७६ देखि लागु गर्ने उद्देश्यले स्वीकृत भएको छ । उपर्युक्त अनुसारको बित्तीय प्रतिवेदनमा प्राप्ती भुक्तानी हिसाव, सरकारी आम्दानी र खर्च कारोवारको तुलनात्मक प्रतिवेदनलाई पुष्टी गर्ने गरी विभिन्न लेखा टिप्पणीहरु जस्तै संचित कोषको अवस्था, आन्तरिक राजश्व, संघिय सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान, ऋण प्राप्ती तथा साँवा व्याज भुक्तानी भएमा, वितरण गर्न बाँकी राजश्वको विवरण, धरौटी तथा कोषहरु, संघीय सरकार,प्रदेश सरकार वा व्यक्ति,संस्थाका कार्यक्रम खर्च, सोझै भुक्तानी र वस्तुगत सहायता, संचित कोषबाट भएका खर्च भुक्तानी, आयोजना र कार्यमा खर्च (सशर्त अनुदान),भुक्तानी दिन बाँकीको विवरण, फिर्ता गर्न बाँकी अनुदान, फिर्ता लिन बाँकी अनुदान, पेश्की बाँकी,वैंक तथा नगद बाँकी र अन्य सम्पत्तिहरु जस्ता लेखा टिप्पणीहरुको व्यवस्था गरेको छ । यो वर्ष यस नगरपालिकाले उपर्युक्त ढाँचा अनुसारको वित्तीय प्रतिवेदन तयार गरेको छैन । स्वीकृत ढाँचामा लेखा राख्ने र प्रतिवेदन गर्ने व्यवस्था कार्यान्वयन हुनु पर्दछ ।

१.११. आर्थिक वर्ष २०७३।०७४ को भुक्तानी दिन वाँकी रकम आ.ब २०७४।७५ मा रु २ करोड २८ लाख रहेको तथा यस आर्थिक वर्षमा गत आर्थिक वर्ष ०७४।७५ का १७८ वटा कार्य/योजना तथा कार्यक्रमको लागि रु ६,३२,३६,४३९।३० भुक्तानी दिन बाँकी रहेको विवरण तयार गरी २०७५।३।१० को नगर सभाबाट स्वीकृत गरेको छ । विगतमा सम्झौता भइ काम सम्पन्न नभएको तथा बजेट अभावको कारणले दायित्व यस वर्ष सारेको देखिन्छ । विगतका योजनाको यस वर्ष भुक्तानी गर्दा म्याद थप गरेको,पेश्की प्रदान गरेकोमा पेश्की कटाई भुक्तानी दिनुपर्नेमा पेश्की बाहेकको थप रकम भुक्तानी दिएको देखिन्छ । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नहुने व्यबस्था मिलाउनु पर्दछ ।

२. **बजेट विनियोजन एवं आयोजना सञ्चालन :** आ.व. ०७५।७६ मा अनुमानित कूल बजेट रु.५७ करोड १ लाख ६६ हजारको बजेट पारीत गरी पूर्वाधार, सामाजिक विकास, आर्थिक विकास, सामाजिक विकास, लगायतका विभिन्न क्षेत्रगत क्रियाकलापमा बजेट व्यवस्था गरेको देखिन्छ । आय-व्यय अनुमान तयार गर्दा निम्न बमोजिम वडास्तरका आयोजना र नगरस्तरका आयोजना तर्जुमा गरेको पाइयो ।

सि. नं.	क्षेत्रगत क्रियाकलाप	नगरस्तरका आयोजना संख्या	वजेट (रु हजारमा)	वडा स्तरका आयोजना संख्या	वजेट (रु.हजारमा)	प्रतियोजना औषत बजेट (रु.हजारमा)
१	पूर्वाधार	२४९	१४०९५३	५७२	१३७६५०	नगर स्तरीय योजना : ५६६, वडा स्तरीय योजना २५०
२	सामाजिक विकास					
३	आर्थिक विकास					
४	संस्थागत विकास					
५	वातावरण तथा विपद व्यवस्थापन					
६	वित्तीय व्यवस्थापन तथा सुशासन					

नगरपालिकाले बजेट विनियोजन गर्दा क्षेत्रगत योजना संख्या र बजेट खुल्ने गरी विनियोजन गरेको पाइएन । नगर स्तरीय योजनामा प्रति योजना औषत रु ५ लाख ६६ हजार र वडा स्तरीय योजनामा

प्रति योजना औषत रु २ लाख ५० हजारको दरले विनियोजन गरेको देखिन्छ।

कार्यालयले ठेक्का मार्फत १५ वटा कार्यक्रम सञ्चालन गरेकामा उपभोक्ता समिति मार्फत २५३ योजना सञ्चालन गरेको देखिन्छ । कार्यालयले सञ्चालन गरेका मध्ये वडा स्तरका २२१ वटा र नगरस्तरीय योजना ३२ वटा रहेका छन् । कुल योजनाहरु मध्ये ५ लाख भन्दा न्यून लागत अनुमान भई सञ्चालन भएका योजना वडा स्तरका १५५ वटा र नगर स्तरका ९ वटा रहेका छन् र ५ लाख भन्दा वढी र १० लाख भन्दा घटीका वडा स्तरमा ३३ वटा र नगर स्तरमा ६ वटा रहेका छन् । कार्यालयले सञ्चालन गरेका पुँजिगत तर्फका कुल २६८ योजनाहरु मध्ये १० लाख भन्दा कम लागत भएका योजनाहरु २०३ अर्थात कुल योजनाको ७६ प्रतिशत रहेका छन् ।

३. **बजेट विनियोजन :** नगरपालिकाको २०७५।७६ को बजेट अनुसार कुल बजेट रु ५७ करोड १ लाख ६६ हजार मध्ये सामाजिक सुरक्षा वाहेक चालु तर्फ ४२.९५ प्रतिशत र पुँजिगत तर्फ ५६.८४ प्रतिशत तथा बित्तीय व्यवस्थापन तर्फ ०.२१ प्रतिशत विनियोजन गरेको छ । विनियोजित बजेट मध्ये चालु तर्फ २४ करोड ७ लाख ३८ हजार अर्थात ११४ प्रतिशत र पुँजिगत तर्फ रु २० करोड ३० लाख अर्थात कुल पुँजिगत विनियोजनको ७२.८६ प्रतिशत मात्र खर्च भएको छ । यसै गरी नगरपालिकाको कुल खर्च रु ५१ करोड ६५ लाख ३९ हजार भई रु २ करोड २१ लाख २५ हजार संघ फिर्ता र प्रदेश फिर्ता रु १ लाख ८४ हजार भई रु ४ करोड ३९ लाख ६४ हजार वैंक मौज्दात कायम रहेको छ । पुँजिगत खर्चमा विनियोजन गरेको भन्दा चालु खर्चमा विनियोजन गरेको रकम वढी खर्च भएको छ । पुँजिगत खर्चमा विनियोजन मध्ये ७२.८६ प्रतिशत मात्र खर्च भएकोले यस तर्फ सुधार हुनु पर्दछ । चालु खर्चको तुलनामा पूजिगत खर्च न्यून हुँदा नगरपालिकाको प्रतिफल प्राप्तीमा कमि हुन सक्ने देखिन्छ ।

४. **चौमासिक खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार कुल पुँजिगत खर्च रु २० करोड ३० लाख मध्ये प्रथम चौमासिकमा १ करोड ५१ लाख १९ हजार अर्थात ७.४५ प्रतिशत, दोश्रो चौमासिकमा रु ४ करोड ८४ लाख ४६ हजार अर्थात २३.८६ प्रतिशत , तेश्रो तथा अन्तिम चौमासिकमा रु १३ करोड ९४ लाख ३६ हजार अर्थात ६८.६८ प्रतिशत र असार महिनामा मात्र कुल खर्चको २२.८७ प्रतिशत र तेश्रो चौमासिक खर्चको ३३.३ प्रतिशत खर्च गरेको देखिएको छ । आर्थिक वर्षको अन्त्यमा अधिक मात्रामा कार्य सञ्चालन गर्दा प्राबिधिक कर्मचारीको अभाबमा सुपरीबेक्षणमा चाप पर्ने तथा मौसमको प्रतिकुलताको कारण गुणस्तर कायम गर्न समेत कठिन हुने भएककोले स्वीकृत कार्यक्रम र चौमासिक लक्ष्य अनुसार सन्चालन गरि खर्च गर्ने व्यबस्था अबलम्बन गर्नुपर्दछ ।

५. **प्रगति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(३) बमोजिम तयार भएको प्रगति प्रतिवेदनमा निम्नानुसारको कार्यक्रमहरुको प्रगति विवरण देहायबमोजिम रहेको छ ।

कार्यक्रम		प्रगति प्रतिशत भएका कार्यक्रम			
नाम	संख्या	शुन्य	पच्चिस	पचास	पचहत्तर
आर्थिक विकास कार्यक्रम	८२	१२	४	९	५८
सामाजिक विकास कार्यक्रम	१७९	१६	१०	३०	११३
पूर्वाधार विकास	१९६	१०	२०	१३	५३
वातावरण तथा विपद व्यवस्थापन	२५	२	५	१	१७
संस्थागत विकास तथा सेवा प्रवाह	१८	३	२	१	१२
बित्तीय व्यवस्थापन र सुशासन	६	२	०	०	४
कार्यालय सञ्चालन तथा प्रशासनिक	६९	१४	९	६	४०

न्यून प्रगति हुनुका कारणहरु उल्लेख गरी सञ्चालित कार्यक्रममा सत प्रतिशत प्रगति हासिल गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

६. **ठेक्का व्यवस्थापन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) अनुसार लागत अनुमान तयार गर्ने, ठेक्का सम्झौता गर्ने कार्य प्रथम चौमासिक भित्र गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष १३ वटा शिलबन्दी दरभाउपत्र र वोलपत्र मार्फत रु २ करोड ७२ लाख ९२ हजार को खरिद कार्य गरेकोमा.नियमावलीले गरेको व्यवस्था वमोजिम तोकिएको समयावधी भित्र ठेक्का वन्दोवस्त नगरी अन्तिम चौमासिकमा ठेक्का सम्झौता गरेको छ । स्वीकृत कार्यक्रम अनुसार सम्पूर्ण कार्य प्रथम चौमासिकमा गर्नु पर्नेमा सो वमोजिम गरेको पाइएन । यसरी खरिद नियमावलीले तोकेको चौमासिकमा ठेक्का व्यवस्था नगर्दा कामको अनुगमन र सुपरीवेक्षणमा कमी आइ गुणस्तरीय कार्य नहुने अवस्था

<table>
<tr><td></td><td>सिर्जना हुने हुँदा ठेक्का व्यवस्थापनलाई प्रभावकारी वनाउन नियमको पालना गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>७.</td><td>सेवा प्रवाह : यस उपमहानगरपालिकाले नगरवासिका लागि विभिन्न प्रकारका सेवाहरु प्रवाह गर्दै आएको छ । कार्यालयबाट प्राप्त विवरण अनुसार यस बर्ष नागरिकता सिफारिस, नाता प्रमाणित, घरबाटो सिफारिस, जन्म मृत्यु दर्ता लगायत अन्य विभिन्न सेवा प्रवाह गरिरहेको छ ।अपांग परिचय पत्र वितरण, जेष्ठ नागरिक परिचय पत्र वितरण, संस्था दर्ता र नविकरण सिफारिश बसाई सराई जस्ता सेवा प्रवाहको विवरण तयार गरेको छैन । यस वर्ष घर नक्सा पासको २७३ निवेदन प्राप्त भएकोमा अनुमति प्रदानको विवरण उल्लेख गरेको छैन । हाल सम्म अनुमति प्रदान मध्ये ६७ वटा विगतको र यस वर्षको ९३ वटा कार्यसम्पन्न प्रमाण पत्र प्रदान गरेको छ । सेवा प्रवाह सम्वन्धी थप व्यहोरा निम्नानुसार रहेको छ । सेवा प्रवाहलाई समयानुकुल प्रभावकारी गराउदै लानु पर्दछ ।</td><td></td></tr>
<tr><td></td><td><table>
<tr><th>सेवा प्रवाहको विवरण</th><th>सिफारिस संख्या</th></tr>
<tr><td>नागरिकता सिफारिश</td><td>१४९५</td></tr>
<tr><td>घरबाटो सिफारिश</td><td>३९६६</td></tr>
<tr><td>नाता प्रमाणित</td><td>५५३</td></tr>
<tr><td>जन्म ,मृत्यू घटना दर्ता</td><td>३२६१</td></tr>
<tr><td>अन्य</td><td>८४६०</td></tr>
</table></td><td></td></tr>
<tr><td>८.</td><td>खरिद गुरु योजना : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ (१) मा सार्वजनिक निकायले एक वर्षभन्दा वढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाको लागि खरिद गर्दा वा वार्षिक रु १० करोड भन्दा वढी रकमको खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नु पर्ने र नियम ८ को उपनियम (१) वमोजिम सार्वजनिक निकायले वार्षिक दस लाख रुपैयाँभन्दा बढी रकमको खरिद गर्नु पर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा सोही नियमको उपनियम (२) मा उल्लेखित कुराहरु समावेश गरी वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । नियमाबलीको व्यवस्था अनुसार खरिद गुरु योजना तथा खरिद योजना बनाउने गरेको देखिएन । खरिद योजना नहुँदा चौमासिक रुपमा गर्नुपर्ने निर्माण कार्य आर्थिक बर्षको अन्तमा बढि गर्ने गरेको देखियो । योजना बनाएर कार्यक्रम सन्चालन गर्नुपर्दछ</td><td></td></tr>
<tr><td>९.</td><td>पेश्की जिम्मेवारी : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ८० बमोजिम सरकारी कामकाजको निमित्त एक आर्थिक वर्षमा गएको पेस्कीको रकम सोही आर्थिक वर्षमा फछ्र्यौट हन नसकेमा कार्यालय प्रमुखले त्यसरी फछ्र्यौट हुन वाँकी रहेको पेस्की रकमको नामनामेसीसहितको के के वापत पेस्की गएको हो सो समेत खुलाई जिम्मेवारी अर्को आर्थिक वर्षमा सारी प्रमाणित गर्नुपर्नेछ । यसरी सारीएको पेश्की यस नियमावलीबमोजिम फछ्र्यौट गर्नुपर्नेछ भन्ने व्यवस्था छ । कार्यालयले गत वर्ष सम्म सांग्रिला सफ्टवेयरबाट लेखा राख्ने गरेकोमा यस वर्ष SUTRA प्रणाली मार्फत लेखा राखेको छ । विगतको लेखा प्रणालीबाट नयाँ प्रणालीमा दायित्व र जिम्मेवारी सार्ने क्रममा विगतको पेश्की वाँकि रु ३ करोड १८ लाख ३२ हजार यस वर्ष जिम्मेवारी सारेको छैन । विगतको पेश्की वाँकि रकम विगत वर्षमा काम गरी वाँकी रहेको काममा पेश्कि कटाई भुक्तानी दिनु पर्नेमा सो गरेको छैन । जसका कारणले विगतको वाँकी काम र पेश्की वापतको रकम फछ्र्यौट गरी भुक्तानी दिदाँको हिसाब एकिन गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>१०.</td><td>अभिलेख नराखेको :उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७५ को बुँदा ४(१) ट मा कार्यालयले आयोजना सञ्चालन एवम् कार्यान्वयनमा संलग्न उपभोक्ता समितिको अभिलेख अनुसूची १ बमोजिमको ढाँचामा व्यवस्थित गर्नु पर्नेछ भन्ने व्यवस्था छ । यस नगरपालिका अन्तरगत यस वर्ष २५३ वटा योजनाहरु उपभोक्ता समिति मार्फत सञ्चालन गरी रु १७ करोड ५७ लाख ८ हजार .भुक्तानी गरेकोमा अनुसूची १ बमोजिमको ढाँचामा अभिलेख राखेको छैन ।</td><td></td></tr>
<tr><td>११.</td><td>जनसहभागिता : आर्थिक वर्ष २०७५।७६ को नगर सभाबाट पारित नगर विकास योजनाका प्रमुख रणनीति,मार्गदर्शन,कार्यक्रम एवं निर्णयहरुको सि.न ४.१.४.३ को भौतिक पुर्वाधार निर्माण तथा व्यवस्थापन सम्वन्धी रणनीति अन्तरगत नगरपालिका क्षेत्रमा सडक कालोपत्रे गर्ने, ड्रेन निर्माण कार्यमा न्यूनतम पचास पचास प्रतिशत सहभागिता एवं अन्य सडक चौडा पार्ने कार्य, कल्भर्ट निर्माण गर्ने वा अन्य सोहि प्रकृतिका भौतिक र सामाजिक पूर्वाधार निर्माण कार्यमा न्यूनतम ८० र २० प्रतिशत सहभागिताको आधारमा कार्य सम्पादन गर्ने रणनीतिलाई अवलम्बन गरिने छ , यसरी सहभागिता मुलक योजना छनौट गर्दा वढि जनसहभागिता हुने आयोजनालाई प्राथमिकता दिईनेछ भन्ने उल्लेख छ । यस नगरपलिकाले उपभोक्ता समिति मार्फत निर्माण भएका निम्नानुसारका सडक कालोपत्रे र ड्रेन निर्माण कार्यमा पचास प्रतिशत तथा अन्य योजनाहरुमा तोकिएको लागत सहभागिता हुने गरी संझौता गरेको छैन । नगर सभाको निर्णयानुसार संझौता नहुँदा निम्नानुसारका योजनाहरुमा वढी भुक्तानी हुन पुगेको</td><td></td></tr>
</table>

विवरण निम्नानुसार रहेका छन् :

सि.न	उपभोक्ता समितिको नाम	कामको विवरण	कुल लागत अनुमान	उपभोक्ता समितको योगदान अंश	न्यून लागत सहभागिता रकम
१.	विहिवारे हे.पो वडा कार्यालय कालोपत्रे पहुँच मार्ग	सडक कालोपत्र	१७८५०००.००	३०००००.००	५९२५००.००
२.	रामधुनी सडक उ.स	सडक कालोपत्र	३५७००००.००	६०००००.००	१२७५०००.००
३.	कृष्ण मार्ग ड्रेन नि.उ.स	ड्रेन निर्माण	६०००००.००	१०००००.००	२०००००.००
४.	प्रगतिशिल मार्ग पक्कि ड्रेन नि.उ.स	ड्रेन निर्माण	३६००००.००	६००००.००	१२००००.००
५.	पिप्राहिटोल ड्रेन निर्माण	ड्रेन निर्माण	३६००००.००	६००००.००	१२००००.००
६.	समावेशी टोल विकास संस्था सिंगल ड्रेन निर्माण उ.स	ड्रेन निर्माण	३६००००.००	६००००.००	१२००००.००

१२. **लाभग्राही समुह :** उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७५ को दफा १४ मा यस कार्यविधि बमोजिम उपभोक्ता समितिबाट गरिने कार्य लाभग्राही समुह, सामुदायिक संस्था जस्तै सामुदायिक बन, सामुदायिकस्तरका सहकारी संस्थाहरु, टोल विकास संस्था, आमा समुह कृषि समुह, कानुन बमोजिम गठन भएका अन्य सामुदायिक संगठन जस्ता संस्थाहरुबाट स्थानीय उपभोक्ताहरुको आमभेलाबाट निर्णय भई आएमा यस्ता संस्थाहरुबाट यस कार्यविधि बमोजिम कार्य सञ्चालन गर्न/गराउन सकिने व्यवस्था छ । यस नगरपालिका अन्तरगतका निम्नानुसारका लाभग्राही समुहहरु मार्फत काम गराउँदा आमभेलाबाट निर्णय भई आएको देखिएन । कार्यविधि अनुरुप समुह गठन गर्न लगाइ काममा लगाउनु पर्दछ । आम भेलाबाट लाभग्राही समुह गठननै नगरी सञ्चालन भएका योजनाहरुको विवरण निम्नानुसार रहेको छ ।

सि.न	समुहको नाम	कामको विवरण	नगरपालिका अनुदान
१.	रामजनकी आधारभुत विद्यालय व्यवस्थापन समिति वडा ४	भवन निर्माण	१५००००.००
२.	नेपाल पिछडा वर्ग ओ.वि.सि वडा २	भवन निर्माण	१५००००.००
३.	श्री आधारभुत विद्यालय व्यवस्थापन समिति	भवन निर्माण	१००००००.००
४.	सेहरा आधारभुत विद्यालय	कक्षा कोठा मर्मत	१५०००००.००
५.	पिछडा वर्ग महासंघ	भवन निर्माण	२०००००.००

१३. **विटुमिन खपत :** सडक कालोपत्रेको लागि गरिने विटुमिन प्राइम कोट र ट्याक कोटको स्प्रे (खपत) दर सामान्यतया प्रति वर्ग मीटर क्रमश ०.९० लिटर र ०.७० लिटर रहेकोमा यस नगरपालिकाले उपभोक्ता समिति मार्फत निर्माण कार्य गराएका सवै योजनाहरुको लागत अनुमानमा प्राइम कोट खपत दर १ लिटर प्रतिवर्ग मिटरको दरले तयार गरी सोही बमोजिम उपभोक्तासंग सम्झौता गरी भुक्तानी गरेकोले निम्नानुसारका उपभोक्ता समितिलाई वढी भुक्तानी गरेको रकम असुल गर्नुपर्ने देखिएको रु..... ४२१०१३.८२

उपभोक्ता समिति	गरेको कार्य	वर्ग मिटर	पाउने विटुमिन प्रति व.मि	भुक्तानी भएको विटुमिन प्रति व.मि	वढी विटुमिन खपत प्रति व.मि	वढी विटुमिन लिटर	दर प्रति लिटर	वढी भुक्तानी
विहिवारे हेल्थ पोष्ट वडा कार्यालय जाने बाटो	Prime coat	१७६०.६६	०.९	१.११८	०.२१८	३८३.८२	१७६.५३	६७७५६.४२
पिप्राहा मार्ग कालोपत्रे	Prime coat	१४७०.६	०.९	१	०.१	१४७	१८०.२६	२६५०९.०३
यूनिक मार्ग नि.उ.स	Prime coat	७४८	०.९	१.०२५	०.१२५	९३.५	१८०.२६	१६८५४.३१
	tack coat	७४८	०.७	१.०२५	०.३२५	२४३.१	१८०.२६	४३८२१.२१
शान्ति मार्ग कालोपत्रे नि.उ.स	Prime coat	३८४५.८०	०.९	१.०२५	०.१२५	४८०.७२	१६०	७६९१६.००
	tack coat	३८८०.१४	०.७	१.०२५	०.३२५	१२६१.०५	१५०	१८९१५६.८५
								४२१०१३.८२

१४. **बढी भुक्तानी :** १३।०७५।८।१८ शान्तिमार्ग कालोपत्रे निर्माण उपभोक्ता समितिसंग रु २२८००००।०० को लागत अनुमान भई उपभोक्ता समितिले कार्यालयले व्यहोर्ने रकमको २० प्रतिशत लागत सहभागिता हुने गरी संझौता गरेको छ । संझौता अनुसार कुल ६६१ मिटर लम्बाईको बाटोमा ७ मिटर चौडाइको दरले सबवेस, वेस र कालोपत्रेको काम गर्ने उल्लेख भएकोमा ६६५ मिटर लम्बाई र ६.७ मिटर चौडाइमा कालोपत्रेको काम गरेको छ । शुरु लागत अनुमानमा तोकिएको भन्दा फरक काम भएकोमा भेरियशन आदेश र रिभाइज्ड लागत अनुमान तयार गरी स्वीकृत गरेको छैन । Water Bound macadam base course र प्राइम कोट ६६० मिटर लम्बाईमा मात्र भएकोमा ६६५ मिटर लम्बाईमा ट्याक कोट, प्रिमिक्स कार्पेटिंग र सिल कोटको काम गरेको कार्य सम्पन्न प्रतिवेदन तयार भएको छ । प्राइम कोट नै नगरेको

स्थानमा कालोपत्रे नहुने भएकोले ५ मिटरको लम्बाई र ६.७ मिटर चौडाईको क्षेत्रफल ३३.५ वर्ग मिटरमा ट्याक कोट प्रति वर्ग मिटर ०.७ लिटरको आधारमा प्रति लिटर रु १५० को दरले हुने रु ३५१७।५०, प्रति वर्ग मिटर रु १०० को दरले हुने सेण्ड सिल कोटको रु ३३५०।०० र प्रति वर्ग मिटरमा ४० एमएमको मोटाईमा रु १३५००।०० को दरले हुने कार्पेटिंगको रु १८०९०।०० समेत रु २४९५७।५० वढी भुक्तानी गरेको देखिएकोले असुल गर्नुपर्ने रु — २४९७५.५०

१४.१. **प्राविधिक पुष्ट्याँई :** सडक निर्माण कार्यमा सामान्यतया पैदलयात्रु मात्रले प्रयोग गर्ने गरी तयार पारिएको पिच सडक वाहेकका सवारी साधन सञ्चालन हुने सडकमा क्रमश सबग्रेड, सववेस र वेसको काम गर्ने गरिन्छ । पिप्राहा मार्ग कालोपत्रे सडकमा सववेस २४८ मिटर लम्बाइमा हुने गरी लागत अनुमान तयार भएकोमा २०४ मिटरमा मात्र भई वाँकी ५४ मिटरमा वेसको मात्र काम भएको तथा सववेसको भन्दा वढी परिमाणमा वेसको काम भएको देखाई भुक्तानी गरेको छ । सबवेसको काम वेगरै वेसको मात्र काम गरेको र सोही अनुरुपमा प्राइम कोट,ट्र्याक कोट, प्रिमिक्स कार्पेटिंग र सिलकोटको काम सम्वन्धमा प्राविधिक पुष्ट्याँई गर्नुपर्ने रु — १५९२४६.०५

सववेसको लम्बाई	वेसको लम्बाई	वढी लम्बाई	सव वेस नभएको स्थानको वेसको परिमाण	वेसको दर	वढी भुक्तानी रकम
२०४	२५८	५४	४३.०९२	३६९५.४९	१५९२४६.०५

१४.२. **विटुमिन दर विश्लेशण :** सुनसरी जिल्लाका यसै नगरपालिका नजिकका अन्य नगरपालिकाहरुले सडक कालोपत्रे गर्दा प्रिमिक्स कार्पेटिंगका लागि वेस कोर्स माथि विटुमिन प्राइम कोट प्रति वर्ग मिटरको रु.१३३।१७ को दरले भूक्तानी हुने गरी दर तयार गरेको छ । सोही कार्य वापत यस नगरपालिकाले निम्नानुसारका उपभोक्ता समितिहरुलाई देहायबमोजिमको दरले भुक्तानी गरेकोले तुलनात्मक रुपमा रु ४८६४९५.५६ वढी व्ययभार परेको देखिन्छ। यस सन्दर्भमा नगर कार्यपालिकाको ध्यानाकर्षण हुनु पर्ने रु — ४८६४९५.५६

उपभोक्ता समितिको नाम	कामको विवरण	निकटतम स्थानीय तहको दर	भुक्तानी दर	फरक दर	कामको परिमाण (ब.मि)	वढी भुक्तानी
विहिवारे हेल्थ पोष्ट वडा कार्यालय जाने बाटो	tack coat	१३३.१७	१७६.७५	४३.५८	१७६०.००	७६७००.८
	Prime coat	१३२.६६	१६७.०७	३४.४१	१६४०.७३	५६४५७.५२
पिप्राहा मार्ग कालोपत्रे	tack coat	१३३.१७	१८०.२६	४७.०९	१४७०.६	६९२५०.५५
	Prime coat	१३२.६६	१८०.२६	४७.६	९६७.५०	४६०५३
यूनिक मार्ग नि.उ.स	tack coat	१३३.१७	१८०.२६	४७.०९	७४८.००	३५२२३.३२
	Prime coat	१३२.६६	१८०.२६	४७.६	७४८.००	३५६०४.८
शान्ति मार्ग कालोपत्रे नि.उ.स (गत वर्षको संझौता अनुसार)	tack coat	१३३.१७	१६०	२६.८३	३७८५.५	१०१५६५
	Prime coat	१३२.६६	१५०	१७.३४	३७८५.५	६५६४०.५७
					जम्मा	**४८६४९५.५६**

१५. **खर्च शिर्षक फरक :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(२) मा खर्चको निकासा दिने अधिकारी प्राप्त अधिकारले रकम स्वीकृत बजेटभित्र र सम्वन्धित खर्च शिर्षकमा पर्दछ र खर्च गर्न वाँकि छ भने मात्र खर्च निकासा दिनु पर्दछ भन्ने व्यवस्था छ । बजार व्यवस्थापन समिति झुम्का बजार रामधुनीसंग बजार क्षेत्रभित्र सि.सि क्यामेरा , वत्तिजडान तथा व्यवस्थापन कार्यका लागि रु १८००९३७।५० लागत अनुमान तयार गरी सोही आधारमा कार्यालयले रु १५०००००।०० भुक्तानी गर्ने गरी संझौता गरेको छ । बजार व्यवस्थापनका लागि गरिएको काम बन तथा वातावरण व्यवस्थापन शिर्षकबाट भौ.न ४२४ मिति २०७६।१।१५ बाट खर्च गरेको छ । बन तथा वातावरण व्यवस्थापन अन्तगरतको कार्यक्रम सञ्चालन नगरी अन्य शिर्षकमा रकम खर्च गरेको अनियमित देखिएको रु — १५०००००.००

१६. **वडा कार्यालय भवन :** नगरपालिकाले यसै वर्ष ४ वटा वडा कार्यालय निर्माणको काम गरेकोमा अन्य वडा कार्यालयहरु वोलपत्रको माध्यामबाट काम गर्दा कुल लागत अनुमानको ३५.८० प्रतिशत घटी कबोल भई रु. १४९७६८०।९२ मा काम भएको छ । यस वडा कार्यालयमा ४००००००।०० बजेट विनियोजन भएकोमा सोही बरावरको काम लागत अनुमान तयार गरी उपभोक्ताको अनुदान शुन्य हुने गरी संझौता भएको तथा सोही बराबरको काम भएको जनाई भुक्तानी गरेको छ । कार्यालय परिसर भित्र शौचालय निर्माणका लागि रु ५०००००।०० को लागत अनुमान तयार गरी थप एक उपभोक्ता समिति मार्फत काम गराएको देखिन्छ । भवन निर्माण र कार्यालय परिसर भित्रको शौचालय निर्माणका लागि अलग अलग उपभोक्ता समिति मार्फत कायम भएको, एकै स्थानको काममा फरक उपभोक्ता समितिसंग काम गर्ने गरेको तथा असम्वन्धित उपभोक्ता समिति मार्फत काम गर्ने गरेकोले यस किसिमको परिपाटीमा सुधार हुनु पर्दछ ।

१७. **काम नभएको :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७७ मा संस्थागत पेश्की प्रदान गर्दा समयमा पेश्की फछ्र्यौट नभएमा १० प्रतिशतका दरले व्याज लाग्ने गरी संझौता गर्नुपर्ने उल्लेख छ । पर्सागाछी शिवनगर पक्की सडक निर्माणको लागि कार्यालयले रु १४५००००।०० र उपभोक्ताको — ४७८५०.००

	जनसहभागिता रु २९००००।०० हुने गरी कुल लागत अनुमान रु १७४००००।०० मा संभौता भएको छ । विगत वर्षमा ३३ प्रतिशत पेश्की रु ४७८५००।०० प्रदान गरी यस वर्ष काम सम्पन्न हुने भनि भुक्तानी दिन बाँकी रकम विनियोजन गरेकोमा यस वर्ष कुनैपनि काम भएको छैन । मिति २०७५।३।१५ भित्र पुरा गर्नुपर्ने कामका लागि यस वर्ष बजेट विनियोजन गरेकोमा थप कुनै काम नभएको तथा पेश्की समेत फछ्र्यौट नभएकोले पेश्की बाँकी रकममा वार्षिक १० प्रतिशत व्याज समेत असुल गरी संभौता भंग गरी नियमानुसार काम सम्पन्न गर्नुपर्ने देखिएको रु	
१८.	सार्वजनिक खरिद नियमावली,२०६४ को निमय १३६ मा प्रचलित कानुनबमोजिम लेखा परीक्षण, अनुगमन, अनुसन्धान वा निरीक्षण गर्ने अधिकार प्राप्त निकायले खरिद कारवाही सम्बन्धी कुनै कागजात माग गरेमा सम्बन्धित सार्वजनिक निकायले त्यस्तो कागजात मनासिब समयमा उपलव्ध गराउनु पर्ने व्यवस्था छ । यस कार्यालयले डिपिआर, निर्माणका लागि भएका खरिदका फाइलहरु, म.ले.प.फा.न १९० लगायतका विवरणहरु लेखापरीक्षणका क्रममा पेश गरेको छैन । लेखापरीक्षणका क्रममा पेश भएका खरिद सम्वन्धि कागजातहरुको सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन्	
१९.	**पर्यटन गुरु योजना :** नगरपालिकाले नगरमा पर्यटक वृद्धि गर्नका लागि तथा पर्यटकिय क्षेत्रको पहिचान र विकासका लागि गुरु योजना निर्माण गर्न परामर्श सेवा खरिदका लागि २०७४।१२।३० मा परामर्शदाता श्री राज ईन्जिनियरिङ्ग कन्सलटेन्सि प्रा.लि संग रु १४६९०००।०० मा संभौता गरेको छ । गत वर्ष बजेटको अभावले रकम भुक्तानी हुन नसकि यस वर्ष संभौतानुसारको भुक्तानी गरेको छ । परामर्शदाताले गत वर्षनै काम सकेको जनाई म्याद थप नगरेकोमा अन्तिम प्रतिवेदन यस वर्ष मात्र वुभाएको देखिन्छ । परामर्श सेवाको कार्य क्षेत्रगत शर्त तयार गर्दा नगरपालिका भित्रका विभिन्न स्थान सहित सुनसरी जिल्ला लगायतका अन्य क्षेत्रहरु समेत समेट्नु पर्ने उल्लेख छ । गुरु योजनामा नगरपालिका बाहेकका अन्य स्थानहरुको पहुँच तथा कनेक्टिभिटि सम्वन्धमा उल्लेख गरेको देखिएन । साथै गुरु योजनामा समावेश भएका स्थानहरुको लागि गुरु योजना अनुसारको बजेट विनियोजन गरी खर्च गर्नुपर्नेमा सो गरेको समेत पाइएन । गुरु योजनाको आधारमा योजनाहरु सञ्चालन गर्नु पर्दछ ।	
२०.	**कालो सुचीमा नराखेको :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ को उपदफा १ को खण्ड (ख) मा दफा २७ वा ३८ बमोजिम स्वीकृतिको लागि छनोट भएको वोलपत्रदाता वा प्रस्तावदाता खरिद सम्झौता गर्न नआएमा कालोसूचीमा राख्ने व्यवस्था छ । यस कार्यालयले आव्हान गरेको ठेक्का नम्बर ६।०७५।७६ को सडक निर्माण कार्यको लागत अनुमान रु २११७८२२।६८ (भ्याट वेगर) मा ६६.३१ प्रतिशतले घटी कवोलकर्ता श्री नवनित कन्स्ट्रक्सन रामधुनी ५ ले काम गर्न नसक्ने भएकोले वोलपत्र जमानत जफत गरिदिन निवेदन पेश गरेको छ । पहिलो न्यून कवोल कर्ताले वोलपत्र सकार नगरेको कारण दोश्रो घटीवाल संग रु १३५६६३१।२५ (भ्याट वेगर) मा संभौता भएको छ । न्युन कबोल गरी संभौता गर्न नआएको वोलपत्रदातालाई नियमानुसार कालो सुचिमा राख्ने तर्फ कारवाही गरेको देखिएन ।	
२१.	**कन्टीञ्जेन्सी खर्च :** सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकमलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ को दफा ५ मा कुनै बजेट उपशीर्षकमा कन्टिन्जेन्सी खर्च जनाउँदा सम्बन्धित ठेक्काको नापी किताबमा समेत खर्च प्रविष्ट गरेको हुनु पर्ने र खर्चको अभिलेख निर्देशिकाको अनुसूची १ बमोजिमको ढाँचामा ठेक्कैपिच्छे (contractwise) राख्नु पर्ने व्यवस्था भएपनि सो अनुसार प्रविष्ट र अभिलेख राखेको पाइएन ।	
	समानिकरण चालु तर्फ :	
२२.	**तलबी प्रतिवेदन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा निजामती सेवा ऐन, २०४९ को दफा ७ ख १ अनुसार कुनै पनि कर्मचारीको तलवि प्रतिवेदन सम्वन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित गराई तलब खुवाउने व्यवस्था छ । त्यस्तै दफा७ ख २ अनुसार तलवी प्रतिवेदन पारित नगराई तलब खुवाएमा यस्तो तलब खुवाउने पदाधिकारीवाट असुल गराउनु पर्ने प्रावधान छ । साथै प्रदेश १ प्रदेश सरकारले जारी गरेको सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धि निर्देशिका २०७५ को दफा २० (२) मा सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पारित नगराई तलब भत्ता खर्च लेख्न पाइने छैन । तलबी प्रतिवेदन पारित नभएको रकम खर्च लेख्ने पदाधिकारीबाट असुल उपर गरिने छ भन्ने व्यवस्था छ । यस नगरपालिकाले नगरसभाको बजेट पारितसंगै तलबी प्रतिवेदन पारित गरेको निर्णय गरेको भएतापनि कर्मचारीको तलब र ग्रेड तथा ग्रेड वृद्धि हुने महिना सहितको विवरण वेगरै खर्च लेखेको छ । नियमानुसार प्रतिवेदन पास नगराई खर्च लेख्ने पदाधिकारी जिम्मेवार नभएको अवस्था देखिन्छ । अतः तलबी प्रतिवेदन पारित गरेरमात्र तलब खर्च लेख्नुपर्दछ ।	
	शखा | तलब खर्च	

(क) स्वास्थ्य	१२१८५८०४.००
(ख) शिक्षा	५०४७५३.००
(ग) महिला विकास	१५३३९१२.००
(ङ) पशु सेवा	१७४४११८.००
(च) नगर तर्फ	३०१५७१६५.००

२३. **बढी भुक्तानी :** गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन,२०७५ दफा ३(१) मा नगरपालिका प्रमुख,उपप्रमुख,वडाध्यक्ष कार्यपालिका सदस्य र वडा सदस्यलाई अनुसुची १(ख) अनुसारको सुविधा प्रदान गर्नुपर्नेमा निम्नानुसार सुविधामा ऐन अनुसार हुने सुविधा भन्दा बढी भुक्तानी दिएकोले असुल हुनुपर्ने रु — ६०५००.००

पदाधिकारीको पद	सुविधाको प्रकार	मसिक सुविधा रकम	मसिक सुविधा भुक्तानी रकम	११ महिनामा पाउने रकम	११ महिनाको भुक्तानी रकम	बढी भुक्तानी रकम
उपमेयर	सरसफाई/मर्मत	१५००.००	२०००.००	१६५००.००	२२०००.००	५५००.००
उपमेयर	अतिथी सत्कार	१५००.००	२०००.००	१६५००.००	२२०००.००	५५००.००
१ देखि ९ वडाका वडाध्यक्ष(९ जनाको)	संचार खर्च	१५००.००	२०००.००	१४८५००.००	१९८०००.००	४९५००.००
		४५००.००	६०००.००	१४८५००.००	२४२०००.००	६०५००.००

२३.१. गाउँ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७५ दफा ६ मा यो ऐनको दफा ३(२) मा जुनसुकै कुरा लेखिएको भए तापनि न्यायिक समितिको बैठकमा उपस्थित सदस्यले अनुसुची ३ बमोजिमको भत्ता पाउने तर समितिको वैठक महिनामा जतिसुकै पटक बसे पनि उपस्थित सदस्यले दुइ पटक भन्दा बढी वैठक भत्ता पाउने छैन भन्ने व्यवस्था छ । नगरपालिकाले यस आर्थिक वर्षमा २४ वटा वैठक वापत रु ९१२००। भुक्तानी दिनु पर्नेमा ३४ वटा वैठकको वैठक भत्ता रु १२९२००। भुक्तानी दिएकोले ऐनको व्यवस्था भन्दा बढी बैठक संख्याको भत्ता भुक्तानी दिएको देखिएकोले असुल गर्नुपर्ने रु — ३८०००.००

२३.२. **बढी भुक्तानी :** गाउँ तथा नगरसभाका सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७५ मा न्यायिक समितिको बैठकमा उपस्थित सदस्यले अनुसुची ३ बमोजिमको भत्ता पाउने व्यवस्था छ । न्यायिक समितिका पदाधिकारीहरुलाई अनुसुची अनुसार नगरपालिका न्यायिक समिति संयोजकलाई प्रति वैठक रु १४००। र सदस्यहरुलाई रु १२०० का दरले भुक्तानी दिनुपर्नेमा निम्नानुसार बढी भुक्तानी दिएको   रु — ८४००.००

भौ.नं.मिति	पदाधिकारीको नाम	बैठक संख्या	भुक्तानी दर	भुक्तानी रकम	भुक्तानी दिनुपर्ने दर	भुक्तानी गर्नुपर्ने रकम	बढी भुक्तानी
१५५/०७५/८/२४	संयोजक सविना चौधरी	१२	१५००.००	१८०००.००	१४००	१६८००.००	१२००.००
१५५/०७५/८/२४	न्यायिक समिति सदस्य रुद्र ब.बस्नेत	१२	१५००.००	१८०००.००	१२००	१४४००.००	३६००.००
१५५/०७५/८/२४	न्या.स.स.केशव गौतम	१२	१५००.००	१८०००.००	१२००	१४४००.००	३६००.००
							८४००.००

चालुतर्फ :

२४. **असुल हुन बाँकी :** नगरपालिकाले आन्तरिक आय तर्फको निम्नानुसारको ठेक्का लगायकोमा संभ्मौतानुसारको रकम हालसम्म प्राप्त गरेको देखिदैन । संभ्मौतानुसारको रकम यथाशिघ्र असुल गर्नु पर्ने देखिएको रु — १६२०८५८.००

कार्यालयको नाम। ठेगाना	**स्वीकृत रकम**	**असुल रकम**	**असुल गर्न बाँकी रकम**
झुम्का,चतरा सडक/ झुम्का प्रकाशपुर महेन्द्रनगर प्रो.बम बहादुर ढकाल	७२५३०३.००	४८२६००.००	२४२७०३.००
शनिवारे,बुधवारे,हटिया रामधुनी १ झुम्का प्रो.विन्देश्वरी चौधरी	१२६००००.००	२५२०००.००	१००८०००.००
आइतवारे,बिहिवारे हटिया रामधुनी ६ बक्लौरी प्रो.पावल घिमिरे	३५११५५.००	००.००	३५११५५.००
सटरभाडा प्रो.विन्दा कुमारी साह	३००००.००	११०००.००	१९०००.००
जम्मा	**२३६६४५८.००**	**७४५६००.००**	**१६२०८५८.००**

२५. **सामाजिक सुरक्षा :** २।०७५।६।१० एन.आई.सि.एशिया बैंकको नाममा काटेको चेक नम्बर १५२७९७१५ बैंकले वितरण नगरेकोले उक्त चेक ना.सु. शंकर तिम्सिनाको नाममा लेखा प्रमुख तथा कार्यालय प्रमुखले चेक प्रमाणित गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्न रु १०९९१८००। रकम दिएकोमा सामाजिक सुरक्षा भत्ता वितरण भर्पाइ रु ११५६१६००। तथा नेपाल बैंक लिमिटेडमा जम्मा गरेको रु ३५००००। गरी जम्मा रु ११९११६००। को विल भर्पाइ पेश भई भौ.नं.४९९ मिति ०७६।८।३० मा फछ्यौट गरेकोमा विल भर्पाइ भन्दा बढी फछ्यौट गरेकोले विल भर्पाइ भन्दा बढि फछ्यौट गरेको रु १,८०,२००। असुल हुनुपर्ने   रु — १८०२००.००

२५.१.	वडा नं.६ मा भगवती धामी नागरिकता नं.५१९ लाई सामाजिक सुरक्षा भत्ता प्रथम चौमासिकको रु ४०००। खर्च लेख्नुपर्नेमा रु ८०००। खर्च लेखेकोले दोहोरो भुक्तानी रकम असुल गर्नुपर्ने रु	४०००.००
	बजेट उप.शि.नं. ८०११४४०४५०१ (संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम)	
२६.	**भुक्तानी दिन बाँकीको कच्चावारी :** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ४०(७) अनुसार भुक्तानी दिन बाँकीको कच्चावरी प्रमाणित गराइ राख्नुपर्ने र सोको आधारमा मात्र गत वर्षको भुक्तानी दिन बाँकी रकम यो वर्ष भुक्तानी दिनुपर्नेमा स्वास्थ्य शाखा अन्तर्गतका स्वास्थ्य चौकीहरुको कर्मचारीहरुको २०७५ अषाढको तलब भत्ता भुक्तानी गरेकोमा भुक्तानी दिन बाँकीको कच्चावरी (साविक म.ले.प.फा.नं १८) वेगर भुक्तानी खर्च लेखेको पाइयो रु	८९०२९७.००
२७.	**औषधी भण्डारण :** औषधी भण्डारण सुरक्षित र व्यवस्थित रुपमा गर्नुपर्नेमा एक कोठामा भूइमा कार्टुनहरुमा राखेको पाइयो । आवश्यक र्‍याकको व्यवस्था गरी खोजेको समयमा पाउने गरी र सुरक्षित रुपमा राख्नुपर्दछ ।	
२८.	**औषधी वितरणको अभिलेख :** निशुल्क औषधी वितरण निर्देशिका,२०६४ अनुसार स्वास्थ्य संस्थाले औषधी वितरण गर्दा विरामी अनुसार वितरण गरेको परिमाण स्पष्ट हुने गरी औषधी वितरणको अभिलेख राख्नुपर्नेमा अभिलेख राखेको पाइएन । निर्देशिकाले तोके अनुसारको अभिलेख राख्नुपर्दछ ।	
२९.	**औषधीमा लोगो :** निशुल्क औषधी वितरण निर्देशिका,२०६४ अनुसार निशुल्क वितरण गर्ने औषधीमा "निशुल्क वितरणको लागि" भन्ने लोगो लगाएको हुनुपर्नेमा ५ वटा औषधीको जिन्सी खाता र औषधी अवलोकन गर्दा निम्नानुसार देखिएको छ ।	

क.सं.	औषधीको नाम	मौज्दात परिमाण	म्याद समाप्त हुने मिति	लोगोको अवस्था
१.	ट्याब्लेट एमोक्सीसिलिन २५० एम.जी	३३५००	जुन २०२१	Ins supply लेखेको
२.	ट्याब्लेट सालबुटामोल ४ एम.जी.	१०२००	जुन २०२१	लोगो भएको
३.	ट्याब्लेट फेरस सल्फेट (एफ.एस)	३६५००	फेब्रुअरी २०२१	For ins supply
४.	ट्याब्लेट सिप्रोफ्लोक्सासिन ५०० एम.जी.	२३२००	अगस्ट २०२१	For ins supply
५.	ट्याब्लेट मेटफरमिन ५०० एम.जी.	४१००	जुन २०२१	लोगो भएको

लोगो नलगाएको औषधी खरिद र वितरण गर्नाले दुरुपयोग समेत हुनसक्ने भएकोले निर्देशिकाले तोके अनुसार औषधीमा लोगो लगाएर मात्र खरिद र वितरण गर्नुपर्दछ ।

३०.	**औषधीको आवश्यकता निर्धारण :** नगरपालिका कार्यपालिका कार्यालयले निशुल्क वितरणको लागि आवश्यक पर्ने औषधीको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तयार गरेको स्थानीय तहबाट संचालन गरिने कार्यक्रमहरुको मार्गदर्शन २०७५/७६ अनुसार अथोराइज्ड स्टक लेभल (ASL) र इमर्जेन्सी अर्डर पोइन्ट (EOP) निर्धारण गरी आपूर्ति व्यवस्था मिलाउनुपर्नेमा त्यस्तो परिमाण निर्धारण गरेको पाइएन । ASL र EOP निर्धारण सोको आधारमा औषधीको आपूर्ति र वितरण व्यवस्था मिलाउनुपर्दछ ।	
३१.	**दोहोरो खर्च :** एक पटक खर्च लेखि सकेपछि पुनःअर्को गोश्वारा भौचरबाट पनि लेखी निम्नानुसार दोहोरो खर्च लेखेको देखिन्छ ।	
३१.१.	९।०७५।६।७ स्वास्थ्य चौकी सिंगीयाको श्रावण र भाद्रको तलब भता रु ४९७९९३। लेखेकोमा गोश्वारा भौचर र विल भर्पाइ वेगर बैंक नगदी कितावमा गो.भौ.नं.१०।०७५।६।७ बाट पनि खर्च लेखेको देखिएकोले बजेट खर्च बढी लेखेको देखिएको छ । चेक नसाटीएको, खर्च लेख्न मात्र दोहोरो भएको भनिएकोले सो रकम बराबर वैंक वढि भएको देखिने वैंक हिसाब मिलान विवरण पेश हुनुपर्ने रु	४९७९९३.००
३२.	स्वास्थ्य चौकी भादगाउँ सिनुवारीको मंसिर महिनाको तलब गो.भौ.नं.४३ मिति ०७५।९।१ बाट रु २,०१,३५७।९० (७ जनाको) तलब खर्च लेखेकोमा पुन मंसिर महिनाको तलब गो.भौ.नं.४७ मिति ०७५।९।२ बाट कुमारी स्वस्तिमा शाहको रु १८,२३०। बाहेको पुनः रु १,८३,१२७।९० खर्च लेखेको पाइयो । चेक नसाटिएको भन्ने लेखा प्रमुखको भनाई रहेको छ । बैंक हिसाव मिलान विवरण तयार नगरेकोले उक्त रकम बैंकमा खर्च नभएको देखिने वैंक हिसाब मिलान विवरण पेश हुनुपर्ने रु	१८३१२७.९०
३३.	का.स. कुमारी स्वस्तिका साहको मंसिर महिनाको तलब भत्ता रु १८२३०। गो.भौ.नं.४३ मिति २०७५।९।१	१८२३०.००

बाट खर्च लेखेकोमा पुनः गो.भौ.नं.५३ मिति २०७५।९।२० बाट रु १६,२३०। लेखेको देखिएको छ । गो.भौ.नं. ४३।०७५।९।१ को चेक नसाटिएको भन्ने लेखा प्रमुखको भनाइ रहेकोमा पुष्ट्याइ गर्ने बैंक हिसाव मिलान विवरण तयार नगरेकोले बैंक खर्च नभएको प्रमाण पेश हुनुपर्ने रु

३४. **कट्टी रकम दाखिला :** कर्मचारीहरुको तलबबाट कट्टी भएको कर्मचारी संचयकोष नागरिक लगानी कोष र विमा वापतको रकम महिना महिनामा तलब लेखेपछि पठाउनु पर्नेमा निम्नानुसार ढीलो गरी पठाउने गरेको पाइयो । तलब खर्च लेखेपछि उक्त रकम सम्बन्धित कार्यालयमा पठाउनुपर्दछ ।

गो.भौ.नं.मिति	कट्टी गरेको रकम	दाखिला	अवधि	रकम
९८/०७५/१२/१५	स्वास्थ्य तर्फ	क.सं. कोष	श्रावण देखि मंसिर	७२४९५७.६०
९८/०७५/१२/१५	स्वास्थ्य तर्फ	नागरिक लगानीकोष	श्रावण देखि मंसिर	५०७७६.००
९८/०७५/१२/१५	स्वास्थ्य तर्फ	विमा	श्रावण देखि मंसिर	१०१६००.००
९९/०७५/१२/१७	महिला विकासतर्फ	क.सं.कोष	श्रावण देखि फाल्गुन	१२२७१३.८०
९९/०७५/१२/१७	महिला विकासतर्फ	ना.ल.कोष	श्रावण देखि फाल्गुन	६६४००.००
९९/०७५/१२/१७	महिला विकासतर्फ	विमा	श्रावण देखि फाल्गुन	१९२००.००
				१०८५६४७.४०

३५. **बजेट भन्दा वढी खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(२) मा खर्च गर्ने वा खर्चको निकासा दिने अधिकार प्राप्त अधिकारीले रकम स्वीकृत बजेटभित्र र सम्वन्धित खर्च शीर्षकमा पर्छ र खर्च गर्न वाँकी छ भने खर्च गर्न निकासा दिनु पर्दछ भन्ने व्यवस्था छ । नगरपालिकाले वार्षिक योजना तथा कार्यक्रम पुस्तिकामा उल्लेख भएको निम्नानुसार कार्यक्रममा बजेट भन्दा वढी खर्च गरेको देखिएको छ । बजेटमा उल्लेखित रकम भन्दा वढी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नु पर्दछ ।

सि.न	कार्यक्रम	बजेट	खर्च	वढी खर्च
१.	घाँसको विउ वितरण	२७५०००.००	४७५०००.००	२०००००.००
२.	कृषि विकास तथा यस संग सम्वन्धित योजना वडाको निर्णय बमोजिम	६२०००.००	८३०००.००	२१०००.००
३.	शिक्षा सम्बन्धि विवध कार्यक्रम	५२१०००.००	७०६०००.००	१८५०००.००
४.	आदिवासि जनजाती विविध कार्यक्रम	८५०००.००	१४५०००.००	६००००.००

३६. **सडक बोर्ड नेपाल तर्फ**

३६.१. **सडक मर्मत :** ४।०७६।३।२७ रामधुनी मन्दिर जाने मुल सडक सिंगिया देखि वडा नं. ४ को लालपुर गाउँसम्म कालोपत्रे सडक मर्मत कार्यको लागि रु ३३,८३,५६०।१५ (मु.अ.कर बाहेक) को लागत अनुमान तयार गरी बोलपत्रेको प्रकृयाद्धारा सबैभन्दा घटी कबोल गर्ने निर्माण व्यासायी जाल्पासिद्ध निर्माण सेवासंग मिति २०७६ जेष्ठ मसान्त सम्ममा कार्यसम्पन्न गर्ने गरी कवोल रकम रु २१०७७०९। मिति २०७६।१।६ मा ठेक्का सम्झौता भएको देखियो । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :

३६.२. उक्त काम मिति २०७६।२।२२ सम्ममा सम्पन्न गर्ने गरी मिति २०७६।१।६ मा सम्झौता भएकोमा गो.भौ.न. ४।०७६।४।२७ बाट प्रथम विल वापतको रु ९,००,०००। भुक्तानी भएको देखिएको छ । प्रथम विलको कुल काम रु ९,०५,२७१।२५ (मु.अ.करसमेत) भएको विलमा उल्लेख भएकोमा भुक्तानी दिन पेश भएको टिप्पणी र आदेशमा रु ५,२७१। नगरपालिकाबाट र रु ९,००,०००। सडक वोर्ड नेपालबाट भुक्तानी दिने निर्णय भएको देखिन्छ । कवोल रकम रु २१,०७,७०९। भएकोमा २०७६ आषाढ मसान्त सम्ममा रु ८,०१,१२५।(मु.अ.करबाहेक) मात्रको काम अर्थात ३८.०१ प्रतिशत बराबरको मात्र काम सम्पन्न गरेको र मुल्य अभिवृद्धि कर समेत रु ९,००,०००। भुक्तानी गरेको पाइयो । सम्झौता अनुसारको अवधिमा काम सम्पन्न गर्न नसकी मिति २०७६।३।१५ सम्म म्याद थप गरेको पाइयो । म्याद थप भएको अवधिमा समेत सम्पन्न नभएकोमा सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२१(क) अनुसार पूर्व निर्धारित क्षतिपूर्ति लिएको नदेखिनुका साथै थप काम गराउन म्याद थप गरेको पनि देखिएन । वाँकी काम सम्पन्न गर्ने गराउने तर्फ कार्यालयले ध्यानदिनुपर्दछ ।

३६.३. स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग (डोलिडार) बाट बाँडफाँट गरे अनुसार बजेट स्वीकृत गरी पठाएको भनी सडक वोर्ड नेपालले २०७५।५।५ मा रामधुनी न.पा.को लागि रु ३० लाखको बजेट स्वीकृत गरी पठाएको देखिन्छ । सो बजेट मध्ये रु ९,००,०००। मात्र निकासा दिएको भनी सोही रकम मात्र खर्च भएको श्रेस्ता पेश भएको छ । लागत अनुमान तयार गर्ने र ठेक्का सम्झौता गर्ने कार्य आर्थिक कार्यविधी नियमावली,२०६४ को नियम २०(३) अनुसार प्रथम चौमासिक अवधिभित्र गरी सक्नुपर्नेमा यस कार्यको लागत अनुमान २०७५।८।२८ मा स्वीकृत भएको छ भने ठेक्का सम्झौता २०७६।१।६ मा भएको देखिएको छ । तोकेको समयभित्र ठेक्का सम्झौता गरी कार्य गर्ने गराउने तर्फ ध्यान दिनुपर्दछ ।

३६.४.	**विमा** : सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११२ अनुसार रु १० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले सोही नियमको देहाय खण्डमा उल्लेख भएका कुराको विमा गराउनुपर्नेमा विमा गराएको पाइएन । नियममा उल्लेख भए अनुसार विमा गराउनुपर्दछ ।	
३६.५.	बैंक नगदी किताव अनुसार रु ४७,४०,०००। बजेट खर्च भएको देखिएकोमा संघीय सरकारबाट हस्तान्तरित कार्यक्रमको रकम र सडक वोर्डबाट प्राप्त रकम स्पष्ट हुने गरी लेखा (श्रेस्ता) राखेको पाइएन ।	
३७.	**पेश्की वाँकी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ (३) अनुसार निम्नानुसारको पेश्की वाँकि फछ्र्यौट गर्नु पर्ने रु	१९२८९१०.००

पेश्की मिति	नाम/पद	पेश्की रकम
२०७५/८/९	चालक कमल लामिछाने	२१०००.००
०७५/९/१८	खरिदार घनेन्द्र कोइराला	४११९२०.००
०७५/६/२८	सह लेखापाल सितल लाल चौधरी	२०००००.००
०७५/८/१२	संस्था रामधुनी आदर्श	१५००००.००
०७६/२/१२	संस्था इनरुवा इन्टरनेशनल पोलिटेक्निकल इन्सटियुट प्रा.लि	२००००.००
०७५/१०/१७	निजी तथा आवसिय विद्यालय अर्गनाइजेशन	५००००.००
०७५/११/१२	महिला संजाल संस्था	५००००.००
०७५/६/२३	स्कुल भादगाउ सिनुवारी बहुमुखी क्याम्पस	३०००००.००
०७५/९/१९	संस्था बालहित सरोकार समाज	६२५००.००
०७६/२/१२	संस्था सामाजिक तथा आर्थिक सशक्तिकरण मञ्च	१०००००.००
०७५/१२/५	बसन्त मोते	१४६९०.००
०७६/२/२६	चिरञ्जीवि गौतम	२००००.००
०७५/१०/२२	घनेन्द्र कोइराला	१५००००.००
०७५/६/९	शशी कुमार राई	४००००.००
०७६/२/२७	रन्जिता चौधरी	२२०००.००
०७६/२/१२	सडक निर्माण गेल चेक निर्माण उ.स.	३१६८००.००
	जम्मा	**१९२८९१०.००**

३८.	**सम्परीक्षण :** आर्थिक वर्ष २०७४।७५ को अन्तिम लेखापरीक्षण प्रतिवेदनमा समावेश भएको निम्नानुसारको पेश्की वाँकिको सम्वन्धमा सम्परीक्षणको लागि पेश भएकोमा निम्नानुसारको व्यहोरा देखिएको छ ।	

सि.न	**दफा**	**वेरुजुको व्यहोरा**	**रकम**	**सम्परीक्षणको ठहर**	**रकम**
१.	३०.३	वढी मु.अ कर भुक्तानी	३९२२४.६३	स्थानीय सञ्चित कोषमा नगदै दाखिला गरेको वैंक भौचर पेश	३९२२४.६३
२.	४१ सि.न १४	प्रा.स दुर्गा प्रसाद पराजुली कृषि कार्यक्रम पेश्की वाँकी	७०००००.००	गो.भा.न १४८३ मिति २०७५।३।३२ मा पे.फ भएको सक्कलै भौचर पेश	७०००००.००
३.	४१ को सि.न २७	पेश्की वाँकी	१९५६५००.००	खर्च नभई वाँकि पेश्की नगद फिर्ता	४७५२९८.००

३८.१.	**सम्परीक्षण बाट कायम व्यहोरा :** सम्परीक्षणको लागि पेश गरेको पेश्की वाँकि रु. १४८४०००२।०० का सम्वन्धमा हाल सञ्चालनमा रहेको लेखा प्रणाली (सुत्र) मा पेश्की अल्या गरी पेश्की फछ्र्यौट हुन नसकेकोले पेश्की मात्र सांग्रीला लेखा प्रणाली मार्फत दायित्व सारेको देखाई यस वर्ष भुक्तानी भएको भौचर र विलका साथमा पेश्की फर्छ्यौटको भौचर र वैंक नगदी किताब पेश गरेको छ । आर्थिक वर्ष २०७६।७७ को कारोबार लेखांकन भएको लेखा प्रणालीमा पेश्की जिम्मेवारी सारी सोही प्रणाली मार्फत तयार भएको प्रमाणित सक्कल भौचर र वैंक नगदी किताब पेश हुनपर्ने देखिएको छ । मिति २०७५।२।८ को कार्यपालिकाको निर्णयले कर्मचारी मार्फत अमानतमा काम गर्ने गरी पेश्की प्रदान गरेकोमा सार्वजनिक खरिद नियमावली,२०६४ को निमय ९८(२) विपरित अमानत बाट ज्यालामा काम गराउनु पर्नेमा कर्मचारी मार्फत खरीद गरेको तथा अन्तिम लेखापरीक्षण प्रतिवेदन लेखा समितिमा छलफल भई सोही निर्णयका आधारमा पेश भएको नदेखिएको तथा देहायबमोजिमको थप व्यहोरा देखिएकोले सम्परीक्षण हुन नसकि वेरुजु कायम गरिएको छ ।	

सि.न	वेरुजु दफा	व्यहोरा	रकम	थप व्यहोरा
१.	४१ को सि.न १	पेश्की वाँकी	३५०००.००	मिति २०७४/८/७ मा लिएको कार्यालय सञ्चालन पेश्की ढीला फछ्र्यौट गर्नुको कारण नखुलेको
२.	४१ को सि.न ९	पेश्की वाँकी	५८००००.००	आर्थिक सहयोग, पूर्वराजा स्वागत, योजना अनुगमन वापत खर्च गरेको विल भरपाई रहेको । योजना अनुगमनका लागि पदाधिकारीले मासिक सुविधा लिने गरेकोले दोहोरो देखिएको तथा आर्थिक सहयोगको कार्यविधि नरहेको

३.	४१ को सि.न २७	पेश्की बाँकी	१४८१२०२.००	आर्थिक कार्यविधि नियमावली, २०६४ को दफा ७४ मा तोकिएको अवधिमा पेश्कि फछ्र्यौट नभएको तथा दफा ७९ बमोजिमको कारवाहि नभएको । मिति २०७५।३।१५ भित्र काम सम्पन्न गर्ने गरी कार्यादेश प्रदान गरेकोमा २०७६।३।३० मा पेश्की फछ्र्यौटका लागि निवेदन पेश गरेको तथा कार्यालयले २०७६।९।१७ मा मात्र पेश्की फछ्र्यौट गरेको
४.	४१ को सि.न ४६	पेश्की बाँकी	११००००.००	आर्थिक कार्यविधि नियमावली, २०६४ को दफा ७४ मा तोकिएको अवधिमा पेश्कि फछ्र्यौट नभएको
५.	४१ को सि.न ९७	पेश्की बाँकी	४३७५००.००	आर्थिक कार्यविधि नियमावली, २०६४ को दफा ७४ मा तोकिएको अवधिमा पेश्कि फछ्र्यौट नभएको
६.	४१ को सि.न ३८	पेश्की बाँकी	१५६७५०.००	आर्थिक कार्यविधि नियमावली, २०६४ को दफा ७४ मा तोकिएको अवधिमा पेश्कि फछ्र्यौट नभएको
७.	४१ को सि.न ५८	पेश्की बाँकी	४९५००.००	आर्थिक कार्यविधि नियमावली, २०६४ को दफा ७४ मा तोकिएको अवधिमा पेश्कि फछ्र्यौट नभएको
८.	विभिन्न	पेश्की बाँकी	११९९००५०.००	पत्र प्राप्त भएको तर वेरुजु फछ्र्यौटको थप प्रमाण कागजात पेश नभएको ।
		जम्मा	**१४८४०००२**	

३९. **बेरुजु :** प्रारम्भिक प्रतिवेदनमा रु १ करोड ६५ लाख ४६ हजार वेरुजु औल्याएकोमा प्राप्त प्रतिक्रियाका आधारमा रु ५ लाख ५० हजार समायोजन गरी रु १ करोड ५९ लाख ९६ हजार बेरुजु कायम भएको छ। सोमध्ये असुल गर्नुपर्ने रु.२८ लाख ९२ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.८७ लाख ८५ हजार नियमित गर्नुपर्ने रु. २३ लाख ९० हजार र पेश्की बाँकी रु १९ लाख २९ हजार रहेको छ।

४०. **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ। सोही ऐनको दफा ८४(२) (घ) बमोजिम बेरुजू फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ। कार्यालयले गत वर्षको बेरुजू फछ्र्यौट गरेको देखिएन। गत वर्षको बेरुजू स्थिति निम्नानुसार देखिएको छ :

गत वर्षको बेरुजू रकम रु.	यो वर्ष फछ्र्यौट	बाँकी बेरुजू रु.
६६६३२०००.००	१२१४५२२.६३	६५४१७४७७.३७

४१. **अद्यावधिक बेरुजू स्थिति :** रामधुनी नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजू स्थिति देहाय अनुसार रहेको छ :

गत वर्ष सम्मको फछ्र्यौट गर्न बाँकी रु.	यो वर्षको सं प.बाट कायम बेरुजू	यो वर्षको कायम बेरुजू	बाँकी बेरुजू रु.
६५४१७४७७.३७	०	१५९९६१०७.८३	८१४१३५८५.२०

रामधुनी नगरपालिका, सुनसरी

सञ्चित कोष विवरण

अनुसूची १

२०७५।७६

(रु.हजारमा)

क्र. सं.	स्थानीय तह	जिल्ला	आय				जम्मा आय	व्यय				मौज्दात
			गत वर्षको जिम्मेवारी	समानीकरण अनुदान	सशर्त तथा अन्य बजेट अनुदान	अन्य आय		चालु खर्च	पूँजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
			१	२	३	४	५ (२+३+४)	६	७	८	९ (६+७+८)	१० (१+५-९)
१	रामधुनी नगरपालिका	सुनसरी	१०६०६	३८७८११	१८१२०१	४५६१५	६१४६२७	२४०७३८	२०३००२	११८६३५	५६२३७५	६२८५८

अनुसूची २

रामधुनी नगरपालिकाको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

२०७५।७६

(रु.हजारमा)

सि. नं	जिल्ला	स्थानीय तहको नाम	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजू			वाँकी बेरुजू								
			दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	अशुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
			सैदान्तिक	लगती		सैदान्तिक	लगती		सैदान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
१	सुनसरी	रामधुनी नगरपालिका	३६	२७	१६५६५	०	६	५६९	३६	२१	१५९९६	२८९२	२३९०	८७८५	०	०	२८९०७	८८०	१०४९	१९२९

अनुसूची ३

अद्यावधिक वेरुजू स्थिति

२०७५।७६

(रु.हजारमा)

क्र. सं.	स्थानीय तह	जिल्ला	गत बर्ष सम्मको बाकी	यो वर्षको फछ्र्यौट	बांकी	यो वर्ष सं.प.वाट कायम भएको वेरुजू	यो वर्षको वेरुजू	कुल बाकी वेरुजू
१	रामधुनी नगरपालिका	सुनसरी	६६६३२	१२१५	६५४१७	०	१५९९६	८१४१३